२०५८ सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

ग्रामीण युवा विकास कार्यक्रम

AWO International e.V.


# युवा आवाज


वर्ष ४, अङ्क २, पूर्णाङ्क ८ (Year 4, Vol. 2, Issue 8 ) श्रावण - पौष २०७१ / 2014 YOUTH VOICE


## संस्थागत भनाइ

नेपाल एक भौगोलिक सामाजिक, वातावरणीय तथा जातजाति विविधताको धनी राष्ट्र हो । यहाँ विश्व प्रख्यात हिम शिखरहरू, अमूल्य जडिबुटीहरू, वन जङ्गल, खोलानालाहरू, पशुपंक्षीहरू, मूल्यवान धातुहरू जस्तै सुन, चाँदी, तामा आदि खानीका सम्भावनाहरू रहेको छ । नेपालीहरू विश्व इतिहासमै बीरहरूको संज्ञाले परिचित छन् । नेपाल भित्र यस्ता प्रशस्त बलिया र उदाहरणीय सम्भावनाहरू हुँदा हुँदै पनि नेपालीहरू मध्ये एक तिहाई भन्दा बढीलाई दैनिक जीवनयापन गर्न कठिनाई परिरहेको छ । शिक्षा, स्वास्थ्य, यातायातको अभावका साथै पेटभरी खान नपाउने समस्याले सताइरहेको छ । अझै पनि नेपालका कैयौँ ठाउँहरूमा नेपालको राष्ट्रभाषा नेपाली बोल्न पनि नजान्नेको संख्या प्रशस्तै भेटिन्छ । बिरामी पर्दा समयमै उपचार नपाएकै कारणबाट मृत्यु हुनेहरूको संख्या पनि उत्तिकै छ । एउटा गाउँबाट प्रशासनिक कार्यका लागि सदरमुकाम जानुपर्दा २ देखि ४ दिनसम्म पैदल हिड्नु पर्ने वाध्यता अझै पनि रहेको छ ।

मानिस एक चेतनशिल प्राणी भएकै कारण आफ्ना आवश्यकता परिपुर्तिका लागि यताउता खोजी गरिरहेको हुन्छ । यसैक्रममा विशेष गरी पहाडी तथा हिमाली क्षेत्रका मानिसहरू बिस्तारै बिस्तारै दक्षिण तर्फ अर्थात् समथर जमिनतर्फ भौतिक सुविधाका लागि बसाइँसराइ गरिरहेका छन् । जस्ले गर्दा उत्तरतर्फको जमिन क्रमशः खाली हुने क्रम बढ्दै गइरहेको छ । पहाडमा भएका गाउँघरमा पनि काम गर्न सक्ने जनशक्ति छैन, रोजगारीको सिलसिलामा कोही शहरतर्फ त कोही विदेशमा काम गर्न गएका छन् । यसले गर्दा पहाडको जीवन झनै कष्टकर बन्दै गएको छ । उक्त अवस्थालाई मध्यनजर राखी राज्यले विशेष खालका कार्यक्रमहरू पहाडी तथा हिमाली क्षेत्रतर्फ लैजानुपर्ने देखिन्छ । विश्वलाई एउटै दृष्टिकोणले हेरी विकासलाई सन्तुलित र समानुपातिक रूपमा अगाडि बढाउनु पर्दछ भन्ने सोचाइले विभिन्न विकसित देशबाट प्राप्त सहयोगहरूलाई पहाडी तथा हिमाली क्षेत्रमा लैजानु पर्ने आवश्यकता रहेको छ । नेपालको मानचित्रमा नवलपरासी जिल्ला लगभग बिच तथा तराइतर्फ देखिन्छ । त्यसकारण बाहिरबाट हेर्दा यो सुगम जिल्लाजस्तो देखिए पनि यस जिल्लाका उत्तरतर्फका १७ वटा पहाडी गा.वि.स.हरूको अवस्था जिल्लाका अरू गा.वि.स. मा भन्दा पनि धेरै कठिनाइ र अभावहरू रहेका छन् । बसोबासको हिसावले ८० प्रतिशत भन्दा बढी मगरजातिको वस्तिरहेको यस क्षेत्रमा पनि विस्तारै घर खाली हुने र काम गर्न सक्ने जनशक्ति पलायन हुने क्रम बढ्दै गएको छ । आफ्ना आवश्यकता परिपुर्तिका लागि जसरी भए पनि जहाँ पाए पनि जाने भनेर विदेश गएका मध्ये धेरैले दुःख पाइ रित्तै हात घर फर्केका घटनाहरू छन् । यस क्षेत्रका यथार्थ वस्तुस्थिति झल्किने गरी यसै क्षेत्रमा बसोबास गर्ने युवाहरूले आ–आफ्नो मनको कुरा लेख तथा रचनाहरूबाट व्यक्त गरेका छन् । यस अवस्थालाई सबै क्षेत्रबाट महत्वकासाथ हेरी विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू लगायत राज्यतहबाट उर्जाशिल जनशक्तिलाई आफ्नै ठाउँमा बस्ने र उद्यमी बन्ने वातावरणका लागि आवश्यक भौतिक पूर्वाधारका कार्यक्रमहरूमा पनि सहयोगको आवश्यकता रहेको छ ।



युवाहरूको भावनाहरूलाई समेट्ने उद्देस्यले केही समयदेखि सहमतिले ग्रामीण युवा विकास कार्यक्रम मार्फत 'युवा आवाज' नामक सन्देशमूलक पत्रिका प्रकाशन हुँदै आएको छ । यस अङ्कमा प्रकाशन भएका आवाजहरूले केही हदसम्म सरोकारवालाहरूको ध्यानाकर्षण तथा युवाहरूलाई सचेत गराउन महत्वपूर्ण भूमिका खेल्ने आशा गर्न सकिन्छ । साथै यस अङ्क प्रकाशनको क्रममा आ–आफ्नो लेख रचना उपलव्ध गराउने सम्पूर्ण युवाहरू धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै गरी लेख रचना संकलन तथा पत्रिका प्रकाशनमा संयोजनको भूमिका खेल्नु हुने कार्यक्रमका कृषि तथा फिल्ड संयोजक श्री अम्बिका प्रसाद पौडेल, संस्था विकास सहजकर्ताहरू र कार्यक्रम प्रवन्धक श्री रविन्द्र अधिकारीज्यूलाई धन्यवाद दिदैं आउने दिनहरूमा यस्ता रचनात्मक र सूचनामूलक प्रकाशनमा सबैको निरन्तर सहयोग र सहभागिताको लागि अनुरोध गर्दछु ।

**रत्नप्रसाद सापकोटा**
अध्यक्ष तथा
सहमति परिवार



## यसभित्र .....

- कविता, गजल, लेख तथा रचनाहरू
- वैदेशिक रोजगार सम्बन्धी लेखहरू
- युवा सूचना केन्द्र
- सहकारी तथा स्थानीय गैससहरु
- विप्रेषण
- ग्रामीण क्षेत्रमा व्यवसाय गरेर स्वरोजगार भई बसेका युवाहरूका व्यक्तिगत अनुभवहरु


सम्पादक/प्रकाशक :
सहमति, ग्रामीण युवा विकास कार्यक्रम

प्रकाशन सहयोगी
AWO International e.V.

## युवा आवाज

वर्ष–४, अङ्क–२, पूर्णाङ्क–८

(श्रावण – पौष २०७१)

**संरक्षक**

रत्नप्रसाद सापकोटा

अध्यक्ष, सहमति

**सम्पादन**

रबिन्द्रनाथ अधिकारी

अम्बिकाप्रसाद पौडेल

**संकलन**

रीता कुमाल

**विशेष सहयोगी**

अशोक राज पोखरेल

प्रभा ढकाल

झविन्द्र गरञ्जा

लोक प्रसाद श्रेष्ठ

विमला बस्याल

पूर्णबहादुर राई

**प्रकाशन सहयोगी**

AWO International e.V.

आवो इन्टरनेशनल

**पत्राचार तथा सुझावका लागि**

सहमति

गैंडाकोट–५, नवलपरासी

फोन नं. : ०५६–५०२०९०, ५०२३७३

फ्याक्स : ०५६–५०२२७७

इमेल : sahamati@wlink.com.np

वेभसाइट : www.sahamati.org

**मुद्रण :**

शुभकामना अफसेट प्रेस
Shubhakamana Offset Press

शहीदचोक, नारायणगढ, फोन: ०५६–५७१७८५

इमेल : shubhakamana_press@yahoo.com


# सम्पादकीय..........

संसारमा नेपाल मात्र एउटा यस्तो देश हो जहाँ दुई सय कि.मि को चौडाइभित्र शून्य डिग्रीदेखि पैतालिस डिग्री सेल्सियस सम्मको तापमानको विविधता छ । त्यसैले यहाँ सबै प्रकारका खेती गर्न सकिने प्रचुर सम्भावनाहरु छन् । त्यस्तै वार्षिक चार लाख पचास हजारको हाराहारीमा नेपाली युवाहरू श्रम बजारमा प्रवेश गर्दछन् । जसले गर्दा नेपालमै काम गर्नको लागि श्रम खोज्न बाहिर जानुपर्ने अवस्था छैन । तर नेपालमा भएको स्रोत साधनको अवसरलाई सदुपयोग गर्न नसकेर नेपाली युवाहरू दिनदिनै बेरोजगार भइरहेका छन् । सरकारले यी गतिविधिहरूमा ध्यान दिन सकिरहेको छैन । त्यस्तै मूल्यवृद्धिले चरमसीमा नाघेको छ । जसले गर्दा जीविकोपार्जनका लागि रोजगारीको क्रममा युवाहरू ताँती लागेर विदेशिनु परेको छ । हालसालै कामको सिलसिलामा पश्चिम नेपालको कपिलवस्तुबाट भारतको मुम्बई स्थित एक काठ उद्योगमा काम गर्न गएका नेपाली युवाहरू सुतिरहेकै अवस्थामा जलेर दुःखद निधन भयो । यहीँ नै स्व–रोजगारको अवसर सृजना भइदिएको भए त्यस्तो अवस्था आउने थिएन ।

यिनै कुराहरूमा आधारित रहेर सहमति, ग्रामीण युवा विकास कार्यक्रमले गैंडाकोट नगरपालिकाको वार्ड नं. ३ र पाँच वटा गा.वि.स. को समुदायमा रहेका विपन्न, गरिब, युवा, किसान, पिछडीएको वर्ग, महिला, दलित, जनजाति, अपाङ्गता भएका, निमुखाहरूको हित प्रवर्द्धन गरी सामाजिक सेवा प्रदान कार्यमा युवाहरूको सक्रियतालाई बढाउँदै आएको छ । उनीहरूलाई आत्मनिर्भर बनाउन आयआर्जनका क्षेत्रमा कृषि, पशुपालन, सीपमूलक व्यवसाय र सहकारी संस्थामा युवाको पहुँच बढाई स्थानीय बैंकको रुपमा स्थापित गराउन सरोकारवाला निकायसम्मको पहुँचमा सुदृढीकरण गर्दै ग्रामीण क्षेत्रको विकासमा स्थानीय गैससको भूमिका बढाएको छ । यसैगरी युवाहरूको सक्रिय सहभागिता तथा आप्रवासन सम्बन्धी प्रक्रियामा युवा सूचना केन्द्रको भूमिकामा वृद्धि गर्दै युवाको चेतनामा विकास गर्ने जस्ता कार्यहरू गर्दै अगाडि बढाउँदै आएको छ । ग्रामीण क्षेत्रको विकासक्रममा हेर्ने हो भने डाडाँझरी तथा कोटथर गा.वि.स.मा आबद्ध १५१ कृषकहरूको २३८१ रोपनी क्षेत्रफलमा रहेको अदुवा, सुन्तला र दालचिनी उत्पादनलाई नेपालको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड बमोजिम प्रमाणित गरी संकेत चिन्ह प्रयोग गर्ने अनुमति प्रदान गरेको छ । आगामी दिनमा यस क्षेत्रमा उत्पादन भएका कृषि उपजहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत सम्पर्क, समन्वय गरेर लाखौं रुपैंया आर्जन गर्न सकिने अर्को सम्भावना पनि बढेको छ ।

नेपालको कूल गार्हस्थ उत्पादनमा कृषिको योगदान ३४ प्रतिशत रहेको र ७० प्रतिशत भन्दा बढी कृषिमा आश्रित रहेको भनिए पनि ग्रामीण क्षेत्रका जग्गा जमिन विस्तारै चउरमा परिणत हुँदै गएका छन् । त्यसैले यिनीहरूको व्यवस्थापनका लागि समयमा नै कृषकले मूल्य तिरेर चाहेको बेलामा उन्नत बीउविजन, सरकारी साना सिँचाइ सुविधा, सिँचाइको लागि प्रयोग हुने बिजुली अनुदान, युवाकृषकहरूलाई सुलभ कृषि ऋण, उत्पादित वस्तुको उचित मूल्य सहित बजारको भरपर्दो व्यवस्था र चाहेको बेला पायक पर्ने स्थानमा कृषि प्राविधिकको सेवा जस्ता कुराहरू जरूरी देखिन्छ । एक आँकडा अनुसार नेपालमा दुई करोड बराबरको तरकारी र मासुजन्य पदार्थमा शत प्रतिशत भारतबाट आयात हुने गर्दछ । भारतीय वस्तुसँग प्रतिस्पर्धी बनाउन सरकारले किसानहरूलाई राहत दिने खालका नीतिनियमहरू तयार गर्नु पर्दछ, तव मात्र कृषिको विकास अगाडि बढाउन सकिन्छ ।

युवाहरूले वैदेशिक रोजगारको सिलसिलामा देखेका, सुनेका तथा आफैले जीवनमा प्रत्यक्षरूपमा भोगेका अनुभवहरूलाई आधार बनाएर लेखिएका लेख, रचना तथा अनुभूतिहरू ग्रामीण क्षेत्रमा बसोबास गर्ने युवाहरूवाट व्यक्त गरिएका सृजनाहरू हुन् । यी सृजनात्मक रचनाहरूले कार्यक्षेत्रका युवाहरूलाई मात्र नभई सम्पूर्ण युवाहरूलाई नै प्रेरणा प्रदान गर्ने छन् भन्ने कुरामा हामी आशावादी रहेका छौं ।

पाठकवृन्द, आगामी अङ्कको लागि सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा राख्दै तपाईसँग कुनै वास्तविक घटनामा आधारित लेख, रचनाहरू भए पठाई सहयोग गरिदिनु हुन समेत हार्दिक अनुरोध गर्दछौं ।

❖❖❖

# युवा सूचना केन्द्रको महत्व

✍ कमला डिस्वा मगर
कोटथर-६, थामडाँडा, नवलपरासी



मेरो नाम कमला डिस्वा मगर हो । म कोटथर गा.वि.स.को थामडाँडा गाउँमा बसोबास गर्दछु । अहिले म छत्तिसादेवी मा.वि.कोटथरमा अध्ययनरत छु । सहमति संस्थाले वि.सं. २०६५ सालदेखि यस गा.वि.स.मा संस्थागत विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्‍यो । जस अन्तर्गत सहकारी, गैसस, युवा सूचना केन्द्र र आयआर्जनसँग सम्बन्धित क्रियाकलापहरू थिए । यिनै चार वटा संस्थागत विकास सम्बन्धी क्रियाकलापहरू मध्ये युवा सूचना केन्द्र पनि एक हो । यो संस्था सहमति, ग्रामीण युवा विकास कार्यक्रमको आर्थिक सहयोग र देवचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित रहेको छ ।

कोटथर गा.वि.स.मा जब युवा सूचना केन्द्र स्थापना भयो त्यतिबेला मलाई युवा सूचना केन्द्र के हो ? यसले के के काम गर्दछ ? भन्ने कुरा थाहा थिएन । म विस्तारै विस्तारै युवा सूचना केन्द्रप्रति नजिक हुँदै गएँ अनि युवा सूचना केन्द्रको सदस्यता लिए पछि मात्र विभिन्न गतिविधिहरूमा सहभागी बन्ने मौका पाएँ । अहिले युवा सूचना केन्द्रको कार्य समिति भित्र प्रवेश गरी अध्यक्षको जिम्मेवारी पद सम्हालेको छु । कोटथरमा रहेको यस युवा सूचना केन्द्रले २०६९ साल देखि कार्ययोजना तयार गरी सहमति, ग्रामीण युवा विकास कार्यक्रमसँगको सहकार्यमा समुदायमा विभिन्न जनचेतनामूलक क्रियाकलापहरू सञ्चालन गरेको छ । त्यस्ता क्रियाकलापहरूमा विदेश गएर आएका युवासँग छलफल, किशोर किशोरी स्वास्थ्य कार्यक्रम, सुरक्षित बसाईंसराइ सम्बन्धी अभिमुखीकरण, अनौपचारिक युवा शिक्षा अन्तर्गत वित्तीय साक्षरता तालिम, धुम्रपान, मद्यपान तथा लागु दुर्व्यसनी न्युनीकरण कार्यक्रम, युवा सूचना केन्द्रको सदस्यता वृद्धि लगायतका कार्यक्रमहरू पर्दछन् । यसबाट युवा सूचना केन्द्रको महत्व समुदायमा बिस्तारै बिस्तारै बढ्दै गएको छ भने युवा जनशक्ति पनि युवा सूचना केन्द्र प्रति आकर्षण तथा सदस्यता लिने क्रम पनि बढ्दै गएको छ ।

युवाको आकर्षणको केन्द्रविन्दु वैदेशिक रोजगारसंग सम्बन्धित भएकाले युवा सूचना केन्द्रले वैदेशिक रोजगारमा जाँदा अपनाउनु पर्ने कुराहरू, नेपाल सरकारले विदेश जानको लागि खुल्ला गरेका देशहरूबारे जानकारी, कालोसूचीमा परेका विभिन्न म्यानपावरहरू, विदेशमा रहेका नेपाली राजदूतावासका विभिन्न नम्बरहरू, करारनामा पत्र, श्रम स्वीकृति पत्र, विभिन्न मुलुकमा जाँदा लाग्ने रकमहरू आदि बारे जानकारी गराउनुले पनि यसको महत्व थप हुँदै गएको हो ।

त्यस्तै युवा सूचना केन्द्रमा विभिन्न विधाका पुस्तकहरू ( कथा, कविता, गजल, गाउँखाने कथाहरू, निवन्ध तथा ज्ञानवर्द्धक पुस्तकहरू, वैदेशिक रोजगार सम्बन्धी सूचनामूलक सामग्रीहरू, विभिन्न पत्रपत्रिकाहरू, युवा मञ्च, अन्तर्राष्ट्रिय मञ्च, स्वास्थ्य सम्बन्धी जानकारीहरू, चेतनामा आधारित मनोरञ्जनमूलक, सीपमूलक, सूचनामूलक ) सामग्रीहरू रहेकाले पनि युवा तथा बालबालिकाहरूको आकर्षण बढ्न गएको छ । अहिलेसम्म २,५०० जना सदस्यहरूले युवा सूचना केन्द्र आएर जानकारी लिएका छन् ।

अन्तमा युवा सूचना केन्द्रको लक्षित उद्देस्य प्रति सम्पूर्ण युवाहरू अग्रसर हुन अनुरोध गर्दै सहमति, ग्रामीण युवा विकास कार्यक्रमले गरेको सहयोग प्रति आभार प्रकट गर्दै आगामी दिनमा पनि थप सहयोगको अपेक्षा सहित मेरो र युवा सूचना केन्द्रका पदाधिकारीहरूको तर्फबाट शुभकामना । ❖❖❖

# विकट गाउँलाई सुगम गाउँ बनाउन सकिन्छ

लाल बहादुर गरञ्जा
कोटथर-८, काफलडाँडा, नवलपरासी



नवलपरासी जिल्लाको कोटथर गा.वि.स.को थामवेसीबाट दक्षिणतर्फ काफलडाँडा अवस्थित छ । थामवेसीबाट यस ठाउँमा पुग्न पैदल बाट करीब दुई घन्टा लाग्दछ । विकट ठाउँ भएकाले हालसम्म राम्रोसंग यातायातको विकास हुन सकेको छैन । विशेष गरी यस ठाउँमा बसोबास गर्ने हरेक व्यक्तिको जीविकोपार्जन खेतीपातीमा नै सीमित छ । यस समुदायको मुख्य पेशा भनेको परम्परागत कृषि अन्तर्गत सुन्तला, मकै, अदुवा, दालचिनी आदिको खेती गरेर दैनिक जीविका चलाएका छन् । यस ठाउँका मानिसहरूमा जनचेतना र शिक्षाको कमी छ । तैपनि सहमति, ग्रामीण युवा विकास कार्यक्रमले विभिन्न प्रकारका कृषि तालिमहरू, सुन्तलाका बिरूवाहरू सहयोग, जैविक खेती प्रवर्द्धनका लागि अठ्ठाईस घरधुरीमा गोठ सुधार, अनौपचारीक शिक्षा, भ्रमण जस्ता कार्यले यस गाउँको विकास क्रमशः अगाडी बढ्दै गएको छ । त्यस्तै कृषिमा तालिम प्राप्त स्थानीय स्रोत व्यक्तिबाट बालीनालीमा देखापर्ने समस्याहरूलाई नियन्त्रण गर्न, कृषि उपज बिक्री वितरणका लागि ढक तराजु जस्ता सामग्रीहरू तथा सिकेचरको प्रयोगले सुन्तला काँटछाट गर्न सहयोग पुगेको छ । यस क्षेत्रका कृषकहरूले अन्दाजीको भरमा आफ्ना कृषि उपज तथा खसी बोकाहरू बेच्ने गर्दथे । यसो गर्दा धेरै किसानहरू ठगिएका थिए । अहिले सबैजनाले आफ्ना वस्तुहरू जोखेर बेच्न थालेका छन् । यस गाउँमा करीब पाँच हजारको हाराहारीमा सुन्तलाको विरुवाहरू रहेका छन् । यहाँका प्रत्येक किसानले वार्षिक एक लाख रुपैंया भन्दा बढी आयआर्जन गर्न थालेका छन् ।

यस संस्थाले यहाँका मानिसहरूलाई सहकारीमा बचत र शेयर बढाउन सचेत र जागरुक बनाएको छ । पहिला यस क्षेत्रका महिलाहरू चुलो चौको र घरको काममा नै दिन बिताउने गर्दथे । परिचय पनि दिन नसक्ने त्यहाँका महिलाहरू अहिले गाउँको बैठक, मिटिङमा जानु पर्छ भन्ने कुराको जानकारी भएको छ । वैदेशिक रोजगारमा जाने युवाहरू पनि युवा सूचना केन्द्रमा गएर सूचना लिने काम गरेका छन् । मैले पनि सुरूको अवस्थामा आफनो वरिपरी भएको अवसरलाइ चिन्न नसकेर के गरौं कसो गरौं भन्ने अवस्थामा थिएँ । पछि पछि संस्थाबाट भएका विभिन्न प्रकारका तालिमहरू, भ्रमणहरू जस्ता गतिविधिहरूले मेरो मानसपटलमा पनि केही गर्नुपर्छ भन्ने भावनाको विकास भयो । मैले पनि सुन्तलाको खेती गरेको छु । भविष्यमा सुन्तलाको क्षेत्र बढाएर सुन्तलाको जुस, जामजेली तयार गरी अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउने लक्ष्य रहेको छ । किनकि हाम्रो यस क्षेत्र जैविक प्रमाणीकरण प्रमाणित भई लोगो चिन्ह समेत प्राप्त भईसकेको छ । हुनत म महेन्द्र प्राथमिक विद्यालयको प्रधानाध्यापक पनि हुँ साथै भ्रेरीखण्डे कृषि उत्पादन समूह र काफलडाँडा सुन्तला कृषक समूहको सचिव पनि हुँ । मैले पनि आफ्नो गाउँको विकास सबैले मिलेर अगाडि बढाउने हो भने विकट गाउँलाई सुगम गाउँ बनाउन सकिन्छ भन्ने भावनाको विकास गराउँदै आएको छु । सहमतिले समुदायको लागि गरेको कार्यप्रति हामी काफलडाँडावासी आभारी छौं । आगामी दिनमा पनि सहयोग हुनेछ भन्ने अपेक्षाका साथ संस्थालाई धन्यवाद दिन चाहन्छु । ❖❖❖

# स्वदेशमा नै मोतिका दाना फलाउन सकिन्छ

मनु रामदाम
कोटथर-६, ठिउरे, नवलपरासी



आफ्नो देशमा भनेजस्तो रोजगार नपाएर नेपालको अधिकांश युवाहरू वैदेशिक रोजगारका लागि भौंतारिरहेका छन् । नेपाली युवावर्गहरू आफ्ना आधारभूत आवश्यकता र असीमित आकाङ्क्षाहरूलाई पूरा गरी आफ्नो घरपरिवारको आर्थिक समृद्धि होला भन्ने आशा बोकेर गाउँबाट शहर हुँदै विदेशिएका छन् । कति युवा युवतीहरू दलालले गर्दा बिच बाटोमा नै अलपत्र पर्ने, अङ्गभङ्ग हुने र विकृत क्रियाकलापमा संलग्न भएका छन् । जुन उद्देस्य बोकेर युवाहरू विदेश जान खोजिरहेका छन् त्यो उद्देस्य सजिलो संग पुरा गर्न सकेका छैनन् किनकि उनीहरूसंग व्यवहारीक शिक्षा र भाषा सम्बन्धी जानकारी नभएका कारणले सोचे जस्तो काम पाएका छैनन् । विदेश भनेको विदेश नै हो । त्यहा कोही आफन्तहरू हुदैनन् ,स्वतन्त्रता पनि हुदैन, त्यस्तै कसैबाट माया पनि पाउन सकिँदैन, न त सद्भाव नै पाउन सकिन्छ । यति मात्र नभई उनीहरूको अकालमा मृत्यु पनि हुन सक्छ । वर्तमान समयमा दक्ष जनशक्तिहरू विस्तारै विस्तारै गाउँबाट विदेशिँदा प्राकृतिक सुन्दरताले भरिपूर्ण गाउँवेंसी र फाँटहरू उजाड हुँदै गएका छन् । गाँउघर युवा विहीन भएका छन् । यस्को प्रत्यक्ष प्रभाव कृषिमा परेको छ । गाउँका खेतीयोग्य जमिनहरू क्रमश: चउरमा परिणत हुँदै गएको छ । गाउँमा खेतीपाती गर्ने समयमा मानव शक्तिको ज्यादै अभाव हुने गरेको छ । गाउँमा त वृद्धवृद्धाहरू र केटाकेटीहरू मात्र छन् । विचरा यिनीहरूले गाउँमा बसेर के गर्ने ?

हुनत सहमति,ग्रामीण युवा विकास कार्यक्रमले युवाहरूलाई विभिन्न सीपमूलक सम्बन्धी क्रियाकलापहरु, कृषि तथा पशु सम्बन्धीमा स्थानीय स्रोत व्यक्ति तयार गर्ने, सहकारी तथा स्थानीय गैससमा युवाहरूको सहभागिता बढाउने, कृषिमा व्यवसायिकरण गर्दै आम्दानी बढाउने लगायतका कार्यक्रमहरू सञ्चालन गरिरहेको भएपनि सबैले यस कार्यमा अझ बढी सहयोग गर्नु जरुरी छ । स्थानीय क्षेत्रमा काम गर्ने सहमति संस्थाले मात्र वैदेशिक रोजगारको स्थितिलाई कम गर्न सक्दैन । यस विषयमा सरकारले बढी जिम्मेवार भएर सोच्नुपर्नेमा रेमिट्यान्सको आकर्षक आम्दानीका कारण युवावर्गलाई स्वदेशमा राखेर विकासको मूल प्रवाहमा समाहित गरी मालिक बनाउनु पर्ने र देशलाई विकासको नयाँ उचाइमा पुर्‍याउने भन्दा पनि विदेशी भूमिमा पठाएर नोकर बनाउने योजनाहरू ल्याउने तथा त्यसको लागि उत्प्रेरित गर्ने गरेको देखिन्छ । यस्तो प्रवृत्तिले यो देशको विकास कसरी हुन सक्छ र ? कतिले विदेशबाट आम्दानी गरेका पनि छन् तर त्यस कमाइको दिगोपना देखिँदैन । किनकी नीजिकर्ताको पुँजीलाई लगानी गर्ने वातावरण सरकारले मिलाउन सकिरहेको छैन । त्यसैले बेलैमा विदेशिने युवाहरूलाई देशको विकासमा परिचालन गर्ने रणनीति ल्याउन अपरिहार्य देखिन्छ ।

अन्तमा नेपाली युवावर्गहरूलाई सकेसम्म विदेशको भूमिमा रगत, पसिना नबगाई स्वदेशमै प्राकृतिक स्रोतहरुको सदुपयोग तथा उद्यमशिलता सम्बन्धी कार्य गरी जीवनयापन गर्न सके स्वदेशमा नै मोतिका दाना फलाउन सकिने थियो र मुलुक समुन्नतितर्फ अगाडि बढ्ने थियो भन्न चाहन्छु । यदि विदेश जाने नै भए त्यहाँका हरेक गतिविधिहरू बुझ्नको लागि युवा सूचना केन्द्रमा आएर विभिन्न सीपमूलक तालिमहरू र भाषाका लागि के के गर्नु पर्दछ भन्ने बारे सिकेर मात्र वैदेशिक रोजगारमा जानुहोस । समयमै बिचार पुर्‍याउन सकियो भने पछि गएर पछुताउनु पर्दैन भन्दै युवाहरूलाई सचेत रहन अनुरोध गर्न चाहन्छु । ❖❖❖

# विदेश नजाउ है

संगीता श्रेष्ठ
कोटथर-५, थामवेंसी, श्री छत्तिसा मा.वि.

रोजगारको सिलसिलामा विदेश पुग्यौ तिमी
मातृभूमिलाई चटक्कै बिर्सेर उतै रम्यौ तिमी
देउराली र वनपाखाले तिमीलाई बोलाउदैँछन्
विरहमा न्याउली चरी नौलो भाका फेर्छन्

वृद्ध तिम्रा बाबुआमा रोगले पीडित भए
खरको छानो तिम्रो घर चुहिन पो लागे
आज आउला भोली आउला वर्षौं बिति गयो
तिमी विना हाम्रो गाउँघर अँध्यारो पो भयो
तिमीसँगै हर्के बिर्खे सबै गए विदेश
यही चालले शून्य भयो हेर्दा हेर्दै स्वदेश
रुँदा रुँदै आँखामा बगे त्रिशुली र गण्डकी
नराख भो अव त दाजु तिम्रो ज्यान उतै बन्धकी

विदेश नजाउ है मेरो दाजु फर्कि आउ आफ्नै गाउँमा
दु:ख सुख बाँडी चुँडी केही गरौं आफ्नो ठाउँमा
❖❖❖

# रोजगार छैन देशमा हजुर

एवन थापा
कोटथर-६,मचडाँडा, नवलपरासी

कोहीको घरमा छोरा छैन कोहीको घरमा खान
रोजगार छैन देशमा हजुर पर्‍यो विदेश जान
दु:ख कष्ट गर्दै पढें छैन रोजगार देशमा
अझै कति हिँड्नुपर्ने परदेशीको भेषमा

बाँच्नै गाह्रो भोकमारी कष्ट सहेर
अहिले सम्म गएका गएकै छन् फर्किएका छैनन् विदेश गएर ।
छोडी जान्छन् आफू जन्मी हुर्किएको ठाउँलाई ।
सुख दिन्छु भन्दै बुढी आमा लाई र बाउलाई ।

छोडी जाँदा बालबच्चाको आँशु कति झर्छ ।
वैदेशिक रोजगारको कुरा बुझ्नु पर्दछ ।
बाँच्न गाह्रो भोकमारी कष्ट सहेर ।
अहिले सम्म गएका गएकै छन् फर्किएका छैनन् विदेश गएर ।
❖❖❖

# जैविक रसादीको प्रयोग गरौं

**बेल बहादुर सिञ्जाली**
कोटथर-८,काफलडाँडा नवलपरासी

म नवलपरासी जिल्लाको कोटथर गा.वि.स. वार्ड नं. ८, काफलडाँडामा बसोवास गर्दछु । मेरो जन्म २०४५ सालमा भएको हो । मेरा पुर्खाले परम्परादेखि गर्दै आएको कृषि पेशालाई अँगाल्दै घरपरिवारको जोहो गर्दै आइरहेको थिएँ । त्यतिबेलासम्म म मा कुनै प्रकारको सीप थिएन । नत म मा उच्च शिक्षा नै थियो । जब सहमति, ग्रामीण युवा विकास कार्यक्रमद्वारा २०६८ सालमा कृषि तालिमको लागि सूचना पाएपछि ३५ दिने कृषि कार्यकर्ता तालिम चितवनको कान्तिपुर जनशक्ति केन्द्रमा गएर तरकारी तथा सुन्तला सम्बन्धी ज्ञानका कुराहरू सिक्ने अवसर मिल्यो । तालिमको सम्पन्नता पश्चातघरमा आएपछि आफ्नो बगैंचामा सुन्तला खेती गर्ने तरिकालाई अगाडि बढाउँदै गए । त्यतिबेलासम्म खेतीपाती गर्दा रसायनिक विषादी तथा मलको प्रयोग गर्ने गर्दथें । पछि संस्थाको सहयोगमा विषादी प्रयोग नगरिकन उत्पादन गर्ने तौर तरिकाहरू सिक्नको लागि जैविक खेती तालिम तथा भारतको उडिसासम्म गएर कलहण्डी गाउँको भ्रमणबाट सिक्ने अवसर पनि पाएँ । हुनत जैविक खेती तालिमका लागि उडिसाबाट आएका शिशिर कुमार पारिजा सरले एक महिना अगाडि नै जैविक रसादी बनाउने तरिका डाँडाभ्mेरी गा.वि.स. को छरछरे गाउँमा सिकाउनु भएको थियो । त्यही कुरा प्रत्यक्षरूपमा कलहण्डी गाउँका किसानहरूले रषादी तयार गरेर कृषि उपज फलाएको देखेपछि अझ मलाई विश्वस्त बनाएको थियो । मेहनत गर्ने हो भने हुने रहेछ भन्ने कुरा उडिसाको भ्रमणबाट पनि थाहा पाएँ । भ्रमण तथा तालिमबाट सिकेका केही जैविक रसादी बनाउने तरिका बारे लेख्न चाहन्छु ।

सर्वप्रथम त खजरा मल बनाउँदा गाईको पिसाव, गोबर र माटो मिलेर जुन गोठमा रहेको हुन्छ, त्यस पदार्थलाई हामी खजरा मल भन्दछौं, त्यसलाई खजरा मल र स्वस्थ माटो बराबर मात्रा मिलाइ सिधै खेतवारीमा प्रयोग गर्न सकिन्छ । खजरा मल प्रयोग गर्दा आठ रोपनी क्षेत्रफलको लागि १० देखि २० के.जी. आवश्यक पर्दछ ।

जिवामृत बनाउनको लागि पनि प्लाष्टिकको ड्रम १ थान (५० लिटरको), काँचो वा फ्रेस गोबर १० के.जी., गाईको पिसाब ५ देखि ७ लि. भेली १ के.जी. (यदि भेली उपलब्ध नभए मकैको ढोडको वा उखुको रसको प्रयोग गर्ने) स्वस्थ र निरोगी माटो १ के.जी.,वेसनको पिठो १ के.जी. सामग्रीहरूलाई ड्रममा राम्रोसँग मिलाएर २ दिनदेखि ८ दिन भित्रमा प्रयोग गर्न सकिन्छ । जिवामृत प्रयोग गर्दा आठ रोपनी क्षेत्रफल (एक एकड) को लागि २०० लिटर पानीको आवश्यकता पर्दछ ।

त्यस्तै अमृत जलको लागि प्लाष्टिकको ड्रम १ थान (१५ वा २० लिटरको), काँचो वा फ्रेस गोबर १ के.जी.,गाईको पिसाव १ लिटर, भेली ५० ग्राम, शुद्ध पानी १० लिटर मिसाएर बनाउन सकिन्छ । यसरी घोलेको अमृत पानी आठ रोपनी क्षेत्रफल (एक एकड) को लागि खेतमा प्रयोग गर्न सकिन्छ । साथै १० दिनको फरक गरेर १ लि. अमृत जलमा १० लि.पानी मिसाएर विभिन्न तरकारीबालीहरूमा लाग्ने रोग तथा कीराहरूको नियन्त्रण गर्न सकिन्छ ।

त्यस्तै माटोको भाँडोमा तयार गरिने रसादीको लागि माटोको भाँडो १ थान (५ लिटरको), काँचो वा फ्रेस गोबर १ के.जी., गाईको पिसाव ३ लिटर, भेली ५० ग्राम सामग्रीहरूलाई राम्रोसँग मिलाई नीमको पात १ के.जी., करञ्जको पात १ के.जी. र आँकको पात १ के.जी. सामग्रीहरूलाई थपी माटोको भाँडोमा राखेर मुखमा कपडाले राम्रोसँग बाँधी छाँयामा राखिदिने । अनि ७ दिन पछि उक्त रसादी तयार हुन्छ । यसरी तयार भएको रसादीलाई वोतलमा भरेर राख्ने अनि माटोको भाँडोमा गाईको पिसावले भर्ने ७ दिन पछि फेरी उक्त रसादी तयार हुन्छ । यसरी यो प्रक्रिया चार पटकसम्म दोहोर्याउन सकिन्छ । रसादी निकालीसकेपछि रहेको ठोस पदार्थलाई खेतमा लगाइएको बालीहरूमा प्रयोग गर्न सकिन्छ । यसलाई प्रयोग गर्दा एक लिटर पानीमा १५ एम.एल.रसादी राख्ने तर यदि विरुवाहरू स-साना छन् वा नर्सरी ब्याडमा प्रयोग गर्ने हो भने एक लिटर पानीमा १० एम.एल.रसादी मिलाएर छर्न सकिन्छ । त्यसैले यिनिहरू सबै रसादीलाई राम्रोसंग खेतवारीमा प्रयोग गर्ने हो भने विषादी राख्नु पर्ने जरूरी छैन ।

यसरी विदेश मात्र रोजगारको विकल्प खोज्ने युवालाई हाम्रै वरपर भएका स्थानीय जडिबुटिहरूको सदुपयोग गरेर कृषि तथा पशुपालनको व्यवसाय गर्ने हो भने मलेशिया, कतार जस्ता देशमा गएर कमाउने जति पैसा यहीं नै कमाउन सकिन्छ भन्दै आफूले कृषिमा सिकेका कुराहरूलाई शब्द मार्फत राख्न दिनुभएकोमा सहमति, ग्रामीण युवा विकास कार्यक्रम प्रति आभार प्रकट गर्दै सँस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

❖❖❖

# टार्दै कति जान्छौ सरकार

**भोजप्रसाद खण्डलुक**
अध्यक्ष
युवा सूचना केन्द, गैंडाकोट-३, नवलपरासी



टार्दै कति जान्छौ सरकार जनतालाई खास देऊ
सक्दैनौ अरू भने गरिखाने विवेक र साहस देऊ
कति बुन्छौ तानाबाना जनतालाई पीडा भयो
अल्झाईरहन्छौ जहिले पनि अब त पास देऊ

चियाउँदैछन् घर न थरका सुकुम्बासी भन्नेहरू
खुल्ला यो आकाश मुनि ओत लाग्ने बास देऊ
नथुपार आश्वासनका झुटा रवाफहरू
गर अघि बोल पछि सत्यताको आश देऊ

पानी बिनाको माछा जस्तै नतड्पाऊ कसैलाई
पोलिरहेका घाउहरूमा शितलताको आभास देऊ
घिटीघिटी न मर्नु न बाँच्नु बेहाल छन् सोझाहरू
कहाँ छन् बेपत्ता कि जीवन कि मृत्यु लाश देऊ

यक्ष प्रश्न यही छ सरकार तिम्रो शासनलाई
सृष्टिपछि अन्त्य हुन्छ सक्छौ भने कृत्रिम सास देऊ
टार्दै कति जान्छौ सरकार जनतालाई खास देऊ
सक्दैनौ अरू भने गरिखाने साहस देऊ ❖❖❖

# जीविकोपार्जनको श्रोत कृषि

धमलाल सिञ्जाली
कोटथर-८, काफलडाँडा, नवलपरासी

लुम्बिनी अञ्चल नवलपरासी जिल्लाको उत्तर दिशामा अवस्थित दुर्गम गा.वि.स.मध्ये कोटथर गा.वि.स. पनि एक हो । यस क्षेत्रमा मगर, गुरुङ्, नेवार, दलित लगायतका समुदायहरूको बसोबास रहेको छ । यो गा.वि.स.पहाडी भु-भाग र केही समथर जमिनले बनेर रहेको छ । यहाँका बासिन्दाहरूको मुख्य आयआर्जनको रूपमा परम्परागत कृषि, बाख्रापालन, बङ्गुरपालन रहेको छ । यिनीहरूले त्यसबाट नै जीविकोपार्जन गर्दै आइरहेका छन् । त्यस्तै यातायात, सञ्चार, शैक्षिक जस्ता आधारभुत आवश्यकताहरूका साथै विकास निर्माणका क्रियाकलापहरू पछाडि परेको अवस्थामा छ । यिनै समस्याका कारणले गर्दा यस क्षेत्रका युवाहरू दिनदिनै विदेशिने क्रम पनि बढ्दै गएको छ । साच्चै भन्ने हो भने गाउँमा त युवाहरू भेटिन नै गाह्रो छ । यहाँ त बुढाबुढी र केटाकेटीहरू मात्र भएकाले कृषि काम गर्न पनि धौ धौ परेको छ । यसरी गाउँका दक्षजनशक्तिहरू विदेश पलायन हुँदै जाँदा गाउँको विकास ओझेलमा पर्दै गइरहेको छ ।

यस गा.वि.स.मा रहेको देवचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड सञ्चालन हुन नसकी ठप्प भई रोकिएको अवस्थामा थियो । जब सहमति संस्थाले सन् २००८ जनवरीदेखि सहकारी सम्बन्धी विभिन्न कामहरू गर्न थाल्यो । जसले गर्दा सहकारीको व्यवस्थापनमा प्रगति हुँदै गएको छ । किनकि पहिला मानिसहरूले साहुमहाजनको चर्को ब्याजदर लिएर आफ्ना दैनिक व्यवहारहरू चलाउने गरेका थिए भने अहिले संस्थाको प्रवर्द्धन भएपछि आवश्यक परेको समयमा ऋण लिन सकिने भएकाले चर्को ब्याज तिरेर ऋण लिनुपर्ने बाध्यताबाट मुक्ति पाउनुका साथै नियमित बचत गर्न पाएका र स्थानीय बैंकरूपमा महसुस गर्न थालेका छन् । त्यस्तै युवा सुचना केन्द्रमा विभिन्न विधाका पुस्तकहरू, सीपमूलक सम्बन्धी लेखहरू, दैनिक पत्रपत्रिकाहरू तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका पुस्तकहरू, वैदेशिक रोजगार सम्बन्धी किताबहरूको सहयोगले युवाहरूलाई पढ्ने वातावरण सृजना गरेको छ । स्थानीय गैसस जीवनज्योति सामाजिक विकास मञ्चले गाउँको विकासमा गरेको अगुवाईलाई पनि महत्वपूर्ण मान्नु पर्छ । त्यस्तै कृषिको क्षेत्रमा कृषिको विकास र विस्तारको लागि कृषि तालिम, भ्रमण, गोष्ठीबाट प्रविधिहरू सिक्दै खोरीयामा दालचिनीको, सुन्तला, कागतीका बिरुवाहरू लगाउने कार्य गरेर धेरै आम्दानी गर्न सफल भएका छन् । त्यस्तै नगदेबालीको रूपमा अदुवा लगाएर धेरै आम्दानी पनि गरेका छन् ३१ घरधुरीले ।

वि.सं.२०७१ साल वैशाखदेखि डाडाँफेरी तथा कोटथर गा.वि.स.मा आबद्ध १५१ कृषकहरूको २३८१ रोपनी क्षेत्रफलमा रहेको अदुवा, सुन्तला र दालचिनी उत्पादनलाई नेपालको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड-२०६५ बमोजिम प्रमाणित गरी संकेत चिन्ह प्रयोग गर्ने अनुमति प्रदान गरेको छ । यसले गाउँमा उत्पादन भएका कृषि उपजहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सम्पर्क समन्वय गरेर बिक्री वितरण गर्न सक्यौं भने प्रशस्त आम्दानी लिन सकिने अर्को सम्भावना पनि बढेको छ । त्यस्तै जुसर मेशिनबाट सुन्तलाको जाम जेली बनाएर बिक्री गरी आम्दानी गर्न सकिने अर्को सम्भावना पनि रहेको छ । संस्थाबाट पशुपालन सम्बन्धी तालिम संञ्चालनबाट बाख्रा बङ्गुरमा लाग्ने रोगहरू पहिचान गरी समाधन गर्न सजिलो भएको छ । वास्तवमा भन्ने हो भने सहमतिले हाम्रो गाउँमा जे जति काम गरेको छ अन्य संस्थाहरूबाट यसरी काम गरेको महसुस गर्न पाईएको छैन । यसरी आगामी दिनमा पनि गाउँको विकास र विस्तारका लागि निरन्तर सहयोगको अपेक्षा गर्दै संस्थालाई धन्यवाद दिन चाहन्छु ।

❖❖❖

# युवा सूचना केन्द्र, समाजको गहना

मान बहादुर माप्छन्
अध्यक्ष, युवा सूचना केन्द्र, रतनपुर-१, नवलपरासी

नवलपरासी जिल्लालाई सुगम जिल्ला मानिए पनि १७ वटा पहाडी गा.वि.स.हरू मध्ये रतनपुर गा.वि.स. पनि एक हो । यस गा.वि.स.को भौगोलिक परिवेश चारैतिर डाँडाकाँडा र भिरपाखाहरू रहेका छन् । यहाँको कृषि, पशुपालन, रहनसहन आदि कुराहरू परम्परागतरूपमा रहेको छ । यस क्षेत्रको विकास र विस्तारका लागि सहमति संस्थाले सन् २००८ जनवरीदेखि यस गा.वि.स.मा सहकारी, गैसस, युवा सूचना केन्द्र र विभिन्न आआर्जनका क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । यिनिहरूमध्ये युवा सूचना केन्द्रको स्थापना सहमति, ग्रामीण युवा विकास कार्यक्रमको आर्थिक सहयोग र महिलामिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित रहेको छ । यस केन्द्रमा स्थापनाकालदेखी नै सूचनामूलक सामग्रीहरू सहयोग गर्दै ग्रामीण क्षेत्रमा बढ्दै गएको विदेशिनेक्रमलाई न्यूनीकरणका लागि युवा सूचना केन्द्रले रतनपुर गा.वि.स.मा रहेका प्रत्येक युवाहरूलाई विदेशजाँदा अपनाउनुपर्ने सावधानी र प्रक्रियाका बारेमा जानकारी दिने गरेको छ । हाल युवा सूचना केन्द्रमा १९९ जना सदस्यहरू छन् । यहाँ विभिन्न विधामा आधारित पुस्तकहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरू, दैनिक पत्रपत्रिकाहरू, बालपुस्तकहरू, युवा मञ्च, साहित्य ग्रन्थहरू, वैदेशिक रोजगार सम्बन्धी लगायतका पुस्तकहरूबाट युवाहरूलाई धेरै नै फाईदा पुगेको छ ।

भौगोलिक विकटताले पछाडि परेको गा.वि.स. भएकाले यस क्षेत्रका विभिन्न ठाउँमा युवा सूचना केन्द्रको उपशाखा विस्तार गरी युवाहरूमा व्यवसायिकता, उद्यमशिलताको विकास र रोजगारीमा सु-सूचित गराउने काम पनि गर्दै आइरहेको छ । त्यस्तै सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण, वित्तीय साक्षरता तालिम, लागुपदार्थ दुर्व्यसनी न्यूनीकरण कार्यक्रम, गा.वि.स.को परिषदमा युवाको पहुँच कार्यक्रम, वक्तृत्वकला प्रतियोगिता, विदेश गएर आएका युवासँग छलफल, किशोर किशोरी स्वास्थ्य कार्यक्रम, युवा अपाङ्गता परिचय पत्र बनाउन पहल, चेतनामूलक कार्यक्रमहरू (लागुपदार्थ, एच.आई.भी एड्स आदि), सदस्यता वृद्धि गर्ने जस्ता क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ । जसबाट आठ हजार पाँचसय मानिसहरू लाभान्वित भएका छन् । युवा सूचना केन्द्रले वैदेशिक रोजगारमा गएका युवाहरूको अभिलेख राख्ने प्रक्रियालाई कागज पत्र संकलन गर्ने योजना बनाइरहेको छ । संस्थालाई दिगो रुपमा अगाडि बढाउने उद्देश्यले सहमति, ग्रामीण युवा विकास कार्यक्रमले संस्था सञ्चालन निर्देशिका तर्जुमा गोष्ठी तथा संस्थाको दीर्घकालीन कार्ययोजना निर्माण गोष्ठी सञ्चालन गरेर संस्था प्रवर्द्धनका लागि अवसर मिलेको छ । त्यसैले भावी दिनहरूमा जिल्ला तथा केन्द्रीयस्तरमा रहेका युवासँग सम्बन्धित सरोकारवाला निकायहरूसंग सम्पर्क समन्वय गरी संस्थालाई अगाडि बढाउने लक्ष्य पनि लिएको छ । अन्तमा सहमति संस्थाले ग्रामीण क्षेत्रका युवाहरूलाई लक्षित गरी युवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन प्रति आभार प्रकट गर्दै आगामी दिनमा पनि युवाहरूको ज्ञान, सीप र क्षमताको विकास र विस्तार गरी उनीहरूको सबलीकरण र सशक्तिकरणमा जोड दिन आग्रह गर्दै मेरो र संस्थाको तर्फबाट उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

❖❖❖

# विप्रेषण र त्यसको प्रयोग

टेक नारायण पोखरेल
बुलिङ्टार-२, कोटथर, नवलपरासी



सुगम जिल्ला नवलपरासी भनिए पनि दुर्गम गा.वि.स.हरू मध्ये बुलिङ्टार पनि एउटा हो । महेन्द्र राजमार्ग दलदलेदेखि करीव ३५ कि.मि.उत्तर कालीगण्डकी नदीको किनारमा अवस्थित यस गा.वि.स.मा कुमाल, मगर, नेवार, घर्ति, कामी, सार्की, दमै, बाहुन, क्षत्री आदि जातिहरूको बसोबास रहेको छ । विकासक्रम धेरै पहिले देखि भएतापनि हाम्रो समाज कछुवाको गतिमा भएको देखिन्छ । यहाँका धनी परिवारहरू विकासयुक्त ठाउँमा बसाईंसराइ गरी गइसकेका छन् भने केही परिवारका सदस्यहरू भारतमा नोकरी गरेर कतै घरजम गरेको पनि देखिन्छ । कति त भारतमा नोकरी गरी परिवारलाई पालनपोषण गरिरहेका छन् । यहाँका अधिकाँश गरीब परिवारका युवाहरू भारत गए तापनि केही परिवारका युवाहरू तेस्रो मुलुकतिर पलायन भएका छन् । कति युवाहरू ठगीमा परेर पैसा गुमाएका छन् भने कतिले त ज्यान नै गुमाउनु परेको छ । त्यस्तै कति युवाहरू विदेशमा नै अलपत्र परेर बसिरहेका छन् भने कति एक दुइ महिनामा घर फर्किआएका पनि छन् । यसरी स्वदेश वा विदेशमा कुनै न कुनै तरिकाले ठगी वा मारमा परी कति युवाहरू दु:ख कष्ट झेलिरहेका छन् ।

यस्तो अवस्थालाई केही कम गर्न सकिन्छ भनी सहमति, ग्रामीण युवा विकास कार्यक्रम जनवरी २०१४ देखी यस गा.वि.स.मा सञ्चालन भएको छ । साथै सहमति, ग्रामीण युवा विकास कार्यक्रमको आर्थिक सहयोग र सुनौलो वचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित युवा सूचना केन्द्र पनि सञ्चालनमा रहेको छ । म उक्त युवा सूचना केन्द्रको संयोजक पनि हुँ । मैले सहमति, ग्रामीण युवा विकास कार्यक्रम मार्फत सुरक्षित आप्रवासन सम्बन्धी क्षमता अभिवृद्धि र विप्रेषण सम्बन्धी वित्तीय साक्षरता तालिम पनि लिएँ । उक्त तालिम पश्चात् बुलिङ्टार र अर्खला गा.वि.स.का विभिन्न ठाउँमा सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छु । साथै वैदेशिक रोजगारमा गएका परिवारसँग सम्पर्क गरी विप्रेषण र त्यसको प्रयोग कसरी गर्नु पर्दछ भन्नेबारे परामर्श पनि दिइरहेको छु । यस बारेमा थप जानकारीको लागि युवा सूचना केन्द्रमा गएर सल्लाह सुझाव लिनुहोस पनि भन्न चाहन्छु ।

साथै युवा सूचना केन्द्रले ग्रामीण क्षेत्रका युवाहरू तिनीहरूलाई पासपोर्ट तयारी, नेपाल सरकारबाट खुल्ला गरिएका देशहरू र सम्बन्धित देशमा जाँदा लाग्ने लागत रकमहरू, कालो सूचीमा नपरेका म्यानपावरहरू, श्रम स्वीकृति पत्र, करारनामा, जीवन विमा, मेडिकल रिपोर्ट, अभिमुखीकरण तालिम, मृतक कामदारका हकदारले र अङ्गभङ्ग भएका कामदारले पाउने आर्थिक सहायता, काफला प्रणाली बारे जान्नैपर्ने कुराहरू, गन्तव्य मुलुक पुगेपछि ध्यान दिनुपर्ने कुराहरू, वैदेशिक रोजगारमा जानको लागि अनिवार्य गरिएका व्यवस्थाहरू लगायतका वैदेशिक रोजगार सम्बन्धी जानकारीका साथै गाउँमा सदस्यता वृद्धि, चेतनामूलक, सरोकारवाला निकायहरूसँगको पैरवी लगायत कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ । यसरी सहमति, ग्रामीण युवा विकास कार्यक्रमले गरेको प्रशंसनीय कार्यलाई धन्यवाद दिँदै आगामी दिनहरूमा पनि निरन्तर रूपमा सहयोगको अपेक्षा गर्दछु । ❖❖❖

# भविष्यमा पछुताउनु सिवाय केही हुदैन

आरती गिरी
बुलिङ्टार-५, थप्रेक, नवलपरासी



नेपाल पहाडै पहाडले बनेको भू-भाग मध्ये बुलिङ्टार गा.वि.स. पनि एक हो । यस गा.वि.स.को वार्ड नं.- ५ मा मेरो बसोबास रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने दाजुभाइ, दिदी बहिनीहरू रोजगारको सिलसिलाका लागि आफ्नो देश छोडेर विदेश जाने प्रक्रिया अगाडि बढाइरहेको देख्दा साच्चै नै देशमा केही रोजगारको अवसर नै छैन, त्यस्तै के विदेश नगएर पहिलाका मानिसहरूले जीविका नै चलाएका थिएनन् कि, गाँउमा प्रचुर मात्रामा रहेको स्रोत साधनलाई सदुपयोग गर्न नसकेर गाउँका युवाहरू बेरोजगार भएको देख्दा यो देशमा सरकार नै छैन कि के हो भन्ने जस्तो लाग्न थाल्यो । किन होला यो देशको सरकारले ध्यान दिन नसकेको । बरू उल्टो विदेश जाने नीति नियमहरू तयार गरेर युवाहरूलाई नोकर बनाउने रणनीति तर्फ प्रोत्साहन गरेको देख्दा दु:ख लागेर आउँछ । देशमा भ्रष्टाचार मौलाउदै गएको छ । यो देश प्रति कसैको पनि माया भएको देखीदैन । न त यहाँका युवाहरूलाई नेपालमै व्यापार व्यवसाय गरेर बस्न मन लागेको छ । यहाँका युवाहरू बेरोजगारको समस्यालाई देखाएर स्थानीय वित्तीय संस्था तथा साहु महाजनबाट चर्को व्याजदरमा ऋण लिएर आफ्नो देश छोडी ठूला ठूला सपनाहरू बोकेर विदेश गएका छन् । विदेशमा पनि कहाँ सुख छ र १२ देखी १८ घन्टा सम्म काम गर्नु पर्छ । यति धेरै काम गर्ने हो भने त नेपालमा नै बसेर काम गरे हुने थियो । किनकी यहाँ विकास भयो भने सबैले रोजगार पाउने थिएँ र भोलिका दिनमा नेपाल समृद्धशाली देश बन्ने थियो ।

विदेश जाने पैसाले यहीं नै व्यापार व्यवसाय गरेर बस्ने हो भने आफु र समुदायका लागि सजिलो हुने थियो । बरू आफुसंग सीप छैन भने इच्छा अनुसारको सीप सिकेर काम गर्न सकिन्छ । यदि आर्थिक अवस्था कमजोर छ भने युवा सूचना केन्द्रमा आएर सम्पर्क गरी सिफारिस लिई ग्रामीण युवा विकास कार्यक्रमसंग सम्पर्क गरेर विभिन्न सीपमूलक तालिमहरू पनि लिन सकिन्छ । स्वदेशमा काम गर्न लाज मान्न हुन्न । भारतबाट आएका व्यक्तिहरूलाई हेर्ने हो भने कोही कपाल काट्नेहरू, जुत्ता पोलिस गर्नेहरू, चटपट तथा पानीपुरी बिक्री गर्नेहरू, आइसक्रिम बेच्नेहरू, कवाडी सामान संकलन गर्नेहरू, तरकारी खेती गर्नेहरू आदि लाई हेर्ने हो भने तिनीहरूले लाखौं रूपैयां कमाएर घर लगेका छन् । तर हामीलाई त्यो काम गर्न लाज लाग्छ । आफ्नो देशमा काम गर्दा सानो भइन्छ भन्ने ठानेर स्वदेशमा काम गर्न रूची राख्दैनन् । सबैलाई थाहा भएकै कुरा हो परिश्रम नगरीकन पैसा कमाउन सकिदैन ।

सहमति, ग्रामीण युवा विकास कार्यक्रमको आर्थिक सहयोग र सुनौलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित युवा सूचना केन्द्र पनि सञ्चालनमा रहेको छ । यसले पनि स्थानीय युवाहरूलाई सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखीकरण, सडक नाटक, वित्तीय साक्षरता तालिम जस्ता गतिविधिहरूले पनि सु-सूचित हुने अवसर सृजना गरेको छ । 'बगेको खोला फर्कदैन' भने झैं समयमा नै विचार पुर्‍याउन सकिएन भने भविष्यमा पछुताउनु अरू सिवाय केही हुँदैन ।

अन्त्यमा अर्धवार्षिक रूपमा प्रकाशन हुने युवा आवाजमा मेरा भावनाहरूलाई समेट्ने अवसर दिनु भएकोमा सहमति, ग्रामीण युवा विकास कार्यक्रमप्रति आभारी छु । साथै सहकारी, गैसस, युवा सूचना केन्द्रको प्रवर्द्धन लगायत आयआर्जनको क्षेत्रमा पनि सहयोग गर्न अनुरोध गर्दै कार्यक्रमको सफलताको लागि शुभेच्छा प्रकट गर्दछु । ❖❖❖

# आँट गरे सफलता मिल्छ

खिममाया राना
अर्खला–६, कमलीकोट, नवलपरासी

नवलपरासी जिल्लाको पहाडी अर्खला गा.वि.स.को वार्ड नं.–९ मा बसोबास गर्ने म खिममाया राना हुँ । मेरो घरको आर्थिक तथा शैक्षिक अवस्था कमजोर छ । परिवारको पालनपोषण, खेतीपाती र सानो पसलमा मेरो दैनिकी बितेको छ । मैले सामान्य लेखपढ गरेको छु । सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम यस गा.वि.स.मा सन् २०१४ देखि सुरुवात भएको र त्यस कार्यक्रमबाट सीपमूलक तालिम दिने कुराहरू थाहा पाएँ । मलाई सानैदेखि सिलाईँकटाइ सम्बन्धी तालिम लिने इच्छा थियो । तर घरको न्यून आर्थिक अवस्थाका कारण सो तालिम लिन सकिरहेको थिइन । मैले घर परिवारसंग सल्लाह गरेर ग्रामीण युवा विकास कार्यक्रमकासरहरू संग सम्पर्क गरें । सरले पनि मलाई सबै कुराहरू सोध्नु भयो । अनि सिलाईँकटाइ तालिम सिक्ने अवसर प्रदान गर्नुभयो । म पनि अत्यन्त खुसी भए । मेरो सपना साकार हुने भयो भनी सबैकुरा परिवारलाई पनि सुनाएँ । त्यसपछि भदौ महिनाको १७ बाट जुन तारा टेलर्स बुलिङ्टारमा सिक्न थाले । त्यहाँ अरू पनि साथीहरू सिकिरहेका थिए । त्यहाँ भोटो, बच्चाका कपडा तयार गर्नका लागि पत्रिका काटी त्यसैलाई गास्दै गरेर लगातार चार महिनासम्म सिक्दै गएँ । बिहानै घरधन्दाको काम सकेर समयमा टेलर्समा पुगेर तरिकाहरू सिक्ने गर्दथें । साथै परिवारबाट पनि सहयोग गर्दै जानुभयो । यसरी तालिम सिक्दै जादाँ हामी अनपढ भएपनि केही गर्न सकिन्छ भन्ने भावना बढ्दै गयो । सहमति, ग्रामीण युवा विकास कार्यक्रमले हामी जस्ता आर्थिक अवस्था कमजोर भएकाहरूको लागि जीवनस्तर उकास्न धेरै नै सहयोग गरेको छ । यसले गर्दा मनमा इच्छा भएपनि पैसा नभएका कारणले आफ्ना इच्छाहरुलाई कुण्ठित गर्नुपर्ने अवस्था नभएको महशुस गरेको छु । अर्कोतिर संस्थाले कपडा सिलाउने मेशिन पनि सहयोग गरेको छ । जसलेगर्दा घरमा मेशिन राखेर कपडा सिलाई समुदायमा सेवा पुर्‍याउन थालिसकेको छु । फ्रक, कुर्ता, सुरुवाल, सर्ट, बच्चाको भोटो, आदि सिलाउने काम गरिरहेको छु । पसल सञ्चालन गरेर कपडा सिलाउँदै गर्न पाउँदा म अत्यन्त खुसी भएको छु ।

सहमति, ग्रामीण युवा विकास कार्यक्रमले हामी जस्ता आर्थिकअवस्था कमजोर भएकाहरूको लागि जीवनस्तर उकास्न गरेको सहयोग प्रति म आभार प्रकट गर्न चाहन्छु । साथै आगामी दिनहरूमा पनि एडभान्सस्तरको तालिम सिक्ने अपेक्षा राख्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु । ❖❖❖

# स्थानीय तहमा गैससको प्रभाव

गोपाल पुलामी
रतनपुर–३, भोक्रोफाँट, नवलपरासी

नवलपरासी जिल्लाको पहाडी गा.वि.स.मा पर्ने श्री सृजनशील सामुदायिक विकास मञ्च रतनपुर ३, भोक्रफाँटमा अवस्थित रहेको छ । यो संस्था २०५८ सालमा नव सृजना युवा क्लव नामक संस्था स्थापना गरी अगाडि बढाउँदै जाँदा २०६३ सालमा आएर संस्थाको नाम परिवर्तन गरी श्री सृजनशिल सामुदायिक विकास मञ्च राख्ने निर्णय गरियो । त्यसपछि संस्थालाई जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा दर्ता गर्नका लागि आम्दानीको स्रोत जुटाउन गाउँ गाउँमा देउसी भैलो सम्बन्धी कार्यक्रम गरेर संस्था दर्ता गर्ने काम भयो । संस्था दर्ता भएपछि केही समय सुस्ताएको अवस्थामा रहेको थियो । लगभग ५ वर्ष पछि संस्थालाई अगाडि बढाउनु पर्दछ भन्ने साथीहरूको चाहना र सहमति, समुन्नति कार्यक्रमबाट सहयोग हुने भएपछि संस्था नविकरणका लागि प्रक्रिया अगाडि बढाइयो । संस्थाले सहमति, समुन्नति कार्यक्रमसँग साझेदारी गरेर समुदायस्तरका कार्यक्रमहरू सञ्चालन गरेको थियो । वि.सं. २०६९ सालदेखि संस्थाले सहमति, ग्रामीण युवा विकास कार्यक्रम बाट पनि सहयोग गरेर संस्था आज सम्म निरन्तर अगाडि बढ्दै गइरहेको छ । सहमति, ग्रामीण युवा विकास कार्यक्रमसँग सहकार्य गरी समुदायमा स्वावलम्वन प्रयासमा आधारित क्रियाकलापहरू (बाख्रा खोर निर्माण, बङ्गुर खोर निर्माण आदि), पशु स्वास्थ्य तालिम, गैर कृषि तालिम, युवा छात्रवृत्ति, अभिभावक, शिक्षक र विद्यार्थी बीच अन्तरक्रिया कार्यक्रम, अनौपचारिक कक्षा लगायतका कार्यक्रमहरू तथा स्थानीय युवा क्लव सँग अन्तरक्रिया कार्यक्रम तथा महिला समूहमा पनि विकास सम्बन्धी छलफल सञ्चालन गर्दै आएको छ भने वर्तमान समयमा ग्रामीण युवा विकास कार्यक्रमले एक जना आंशिक कर्मचारी पनि सहयोग गरेकाले संस्थालाई अगाडि बढाउन मद्दत पुगेको छ । वास्तवमा स्थानीय गैससले गरेका क्रियाकलापहरूबाट समुदायको विकासमा उल्लेख्य उपलब्धि भएको पाईएको छ । त्यस्तै विदेश सम्बन्धी कार्यक्रम सञ्चालनबाट पनि विदेश गएका युवाहरूको घर परिवार लाभान्वित भएको महसुस गरिएको छ ।

यसरी सहमति, ग्रामीण युवा विकास कार्यक्मले गरेको संस्था प्रवर्द्धन तथा समुदायमा विकास र विस्तारको लागि गरेको प्रशंसनीय कार्यलाई धन्यवाद दिंदै आगामी दिनहरूमा पनि निरन्तर रूपमा सहयोगको अपेक्षा गर्दछु । ❖❖❖

# छिट्टै फर्केर आउ

गुनमाया सिञ्जाली
कोटथर–५,थामवँसी, श्री छत्तिसा मा.वि.

खाडी मुलुक गयौ तिमी चर्को घाम ताप्न
कोही भएन गाउँघरमा दुःख पर्दा आफ्ना
के छ तिमीलाई कस्तो छ फोन गरुँला भरे
विदेशमा फँसियौ कि जेलमा छौ अरे

घरबारी बन्धकीमा तिमी मलेशिया
रुँदा रुँदै यो मन मेरो भयो छिया छिया
घरवारी र खोला खेत पहिरोले पुर्‍यो
बिग्रिसके पछि बल्ल ऐले बुद्धि फुर्‍यो

म त गाउँमा मेलापात तिमी क्वालालम्पुर
छिट्टै फर्कि आऊ न राजा भेट्न लाई आतुर
तिम्लाई सम्झी रुँदारुदै आँसु सुकी गयो
युवा सबले गाउँ छाडे उजाड वस्ती भयो

कोही छैनन् घर आज गाउँ भो बेहाल
छिट्टै फर्कि आऊ भो प्यारा यो घर सम्हाल
❖❖❖

## हामी सबै नागरिकको जिम्मेवारी हो

**हिरन पुलामी मगर**
रतनपुर-५, बसेनी, नवलपरासी



नवलपरासी जिल्लाको १७ वटा विकट पहाडी गा.वि.स.मध्येको रतनपुर गा.वि.स.पनि एक हो । यसै गा.वि.स.को वार्ड नं. ५, वसेनीमा मेरो बसोबास रहेको छ । अहिले म उच्च शिक्षा अध्ययनको लागि मुकुन्दपुर गा.वि.स.को मुकुन्दसेन बहुमुखी क्याम्पस, हर्कपुरमा अध्ययनरत छु । रतनपुर गा.वि.स.को सन्दर्भमा कुरा गर्ने हो भने सामाजिक विकासका लागि धेरै संघसंस्थाहरूले काम गर्दै आइरहेका भए पनि सहमति संस्थाले छोटो अवधिमा नै गाउँमा लोकप्रियता कमाउदै गएको छ । यस संस्थाले रतनपुर गा.वि.स.मा भएका प्रत्येक समस्यालाई केलाएर त्यसको समाधानका लागि सहकारी, स्थानीय गैसस, युवा सूचना केन्द्र, स-साना समूहहरू मार्फत विभिन्न कार्यहरू गर्दै आएको छ । त्यति मात्र नभई स्थानीय युवाहरूलाई विभिन्न सीपमूलक व्यवसायहरू, कृषि, पशुपालन तथा स्थानीय स्रोत साधनको सदुपयोगमा संलग्न गराएर आयआर्जन बढाउने प्रकृतिका व्यवसायहरूमा पनि महत्वपूर्ण भूमिका खेलेको छ । त्यसैले उक्त कार्यलाई अगाडि बढाउन संस्थाको मात्र जिम्मेवारी नभई समुदायमा बस्ने हामी सबै नागरिकको उत्तिकै दायित्व पनि हो ।

रतनपुर गा.वि.स.मा सहमति संस्थाले कार्यक्रमहरू सञ्चालन गर्नुभन्दा अगाडि यहाँका वासिन्दाहरूले कृषि, पशुपालन जस्ता उत्पादनमूलक कार्यमा आधुनिकीकरण गर्न सकेका थिएनन् । गाउँका केही सदस्यहरुले आर्थिक लाभ लिए पनि खासै उपलब्धि भने भएको थिएन । तर अहिले गाउँ गाउँमा पहिलाको तुलनामा दोब्बर, तेब्बर आम्दानी गरेका छन् । त्यस्तै प्राविधिक क्षेत्रमा सिलाइकटाई, इलेक्ट्रिक्स, हाउस वाइरिङ्ग जस्ता सीपमूलक तालिमहरूले यहाँका युवाहरूलाई आत्मनिर्भर बनाएको छ ।

त्यस्तै सहमति, ग्रामीण युवा विकास कार्यकम तथा महिलामिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित युवा सूचना केन्द्रले यहाँका युवाहरूलाई वैदेशिक रोजगारमा जानुपूर्व तथा गन्तव्य मुलुकमा पुगेपछि गर्नुपर्ने प्रक्रियाका बारेमा, सुरक्षित आप्रवासन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमहरू, अभिमुखीकरण गोष्ठीहरू सञ्चालनबाट पासपोर्ट, नागरिकताको प्रमाणपत्र, जीवन विमा, भिजा प्रक्रिया, स्वास्थ्य परीक्षण, भरपर्दो रिक्रुटिङ्ग कम्पनी र एजेन्सी छनौट, गन्तव्य मुलुकको प्रस्ट जानकारी, श्रम स्वीकृति, विदेश स्थित राजदूतावासका नम्बरहरू लगायत सूचना सम्प्रेषणले सुरक्षित रूपमा वैदेशिक रोजगारमा जान धेरै सहयोग पुर्‍याएको देखिन्छ । सहमति संस्थाले मात्र नभई यस गा.वि.स.मा रहेका सम्पूर्ण युवाहरूले आफ्नो गाउँको विकास र विस्तारका लागि हरदम सक्रिय भएर लाग्ने हो भने विकास सम्भव छ । यदि पद, पारिश्रमिक, ज्याला जस्ता कुराहरू खोजेर बस्यौं भने हामी र हाम्रो समाज नै पछि पर्दछ भन्ने कुरा बुझ्नु आवश्यक छ । अन्तमा सहमति, ग्रामीण युवा विकास कार्यक्रमले विकट गाउँका वासिन्दाहरूको मन मुटुमासधैंभरि बस्न सफल रहोस उत्तरोत्तर प्रगतिको शुभकामना । ❖❖❖

## स्वरोजगार भई आत्मनिर्भर बनौ

**वेलमती राई**
युवा सूचना केन्द्र परिचालिका, अर्खला-४, नवलपरासी

नेपालको मध्यभागमा अवस्थित नवलपरासी जिल्ला पाँच विकास क्षेत्र मध्ये एउटा पश्चिमाञ्चल विकास क्षेत्र पनि एक हो । यो जिल्लाको भू-भागलाई दाउन्ने डाँडाले मध्यभाग पारेर पूर्वतिर नवलपुर र पश्चिमतिर परासी रहेको छ । महेन्द्र राजमार्गको दलदले चोकदेखि करीब २७ कि.मि.उत्तरमा अर्खला गा.वि.स. रहेको छ । यही गा.वि.स.को तल्लो अर्खलामा सहकारी, उपल्लो अर्खलामा युवा सूचना केन्द्र र स्थानीय गैसस देउचुली युवा क्लब रहेको छ । युवा सूचना केन्द्र सहमति, ग्रामीण युवा विकास कार्यक्रमको आर्थिक सहयोग र सशक्त नारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित रहेको छ ।

यस गा.वि.स.मा ग्रामीण युवा विकास कार्यक्रम जनवरी २०१४ बाट सञ्चालन भएको छ । यस कार्यक्रमले विशेष गरेर युवाको क्षेत्रमा विभिन्न कामहरू गर्दै आईरहेको छ । वास्तवमा भन्ने हो ग्रामीण क्षेत्रमा विकास निर्माण तथा रोजगारका अवसर नहुनुले युवाहरूको नजर सर्वप्रथम विदेशमा गएको छ । एकातिर केही युवाहरू विदेश रमाइलोका लागि जान्छन् भने अर्कोतिर केही घरायसी समस्याले आत्तिएर जान्छन् । समस्याले जाने युवाहरू हातमा सीप सिकेर नगएका कारण विदेशमा दु:ख पाएको अवस्था छ । युवा सूचना केन्द्रले सुरक्षित तरिकाबाट वैदेशिक रोजगारमा जाने प्रक्रियाहरूबारेमा गाउँ वस्तीमा सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखीकरण तथा गाउँका युवाहरूलाई विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरु पढ्न आउने वातावरण गराउदै गएको छ । त्यस्तै देउचुली युवा क्लबले पनि आप्रवासन सम्बन्धी सडक नाटक प्रदर्शन गरेर यहाँका युवाहरूलाई सूचना दिइरहेको छ । यस्ता क्रियाकलापले स्थानीय क्षेत्रमा रहेको गैसस र युवा सूचना केन्द्रको महत्व अझै बढ्दै गएको छ । अहिले वस्तीवस्तीका युवाहरूले युवा सूचना केन्द्रको सदस्यता लिने क्रम पनि बढ्दै गएको छ ।

युवा सूचना केन्द्र, अर्खलामा पनि वैदेशिक रोजगारको बारेमा सल्लाह, सुझाव, परामर्शका लागि सम्पर्क गर्न सक्नुहुन्छ । यहाँबाट पनि वैदेशिक रोजगार सम्बन्धी जानकारीहरू प्राप्त गर्न सकिन्छ । त्यतिमात्र नभई आफूलाई चाहिने सीप सम्बन्धी विभिन्न तालिमहरू पनि सिक्न पाईने हुँदा युवाहरुले सीप सिकी आत्मनिर्भर वन्ने अवसर नगुमाऔं । किनकि विदेश मात्र स्व-रोजगारको अवसर होईन स्वदेशमा पनि कृषि, पशुपालन, विभिन्न सीपहरू सिकेर प्राविधिक बन्ने र व्यापार, व्यवसाय गर्ने हो भने विदेशमा गएर कमाउने जति पैसा यहीं नै कमाउन सकिन्छ । आगामी दिनमा युवाहरूलाई युवा सम्बन्धी कार्यक्रमहरू, सूचनामुलक, चेतनामुलक, सीपमुलक, लगायतका सामग्रीहरू युवाहरूको माझमा लगेर प्रचारप्रसार गर्न सकेमा ग्रामीण क्षेत्रमा अलग पहिचान वनाउन सफल हुनेछ । संस्थाको सफलताको लागि निरन्तर सहयोगको अपेक्षा गर्दै कार्यक्रमले गरेको सहयोग प्रति हार्दिक धन्यवाद दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछु । ❖❖❖

# परिश्रमको फल मीठो हुन्छ

**जगत खण्डलुक**
डाँडाझेरी-२, कोटडाँडा, नवलपरासी

नवलपरासी जिल्लाको पहाडी क्षेत्रका १७ वटा गा.वि.स.हरू मध्ये अति विकट डाँडाझेरी गा.वि.स.पनि एउटा हो । यो गा.वि.स. उत्तरको कालीगण्डकी नदीदेखि ३ कि.मि.उचाई सम्म फैलिएर रहेको छ र भौगोलिक हिसावले चारैतिर डाँडाकाँडा र भिरपाखा रहेको छ । यहाँ करिब ८५ प्रतिशत भन्दा बढी मगर जातिहरू बसोबास गर्दछन् भने अन्यमा बाह्मण, क्षत्री, दलित आदि रहेका छन् । पेशाको सन्दर्भमा कुरा गर्ने हो भने यहाँ परम्परागतरूपमा खेतीपाती, बङ्गुरपालन, बाख्रापालन, कुखुरापालन आदि रहेको छ । त्यस्तै पूर्वाधारको कुरा गर्ने हो भने शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, विद्युत, खानेपानी लगायतका आधारभूत आवश्यकताहरू पनि दयनीय अवस्थामा रहेको छ । वास्तवमा भन्ने हो भने यस क्षेत्रमा वसोवास गर्ने समुदायको कठीन परिस्थिति रहेको छ ।

जव सहमति, ग्रामीण युवा विकास कार्यक्रमले २०६५ सालदेखि डाँडाझेरी गा.वि.स.मा युवा केन्द्रित तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रमहरू सञ्चालन तथा २०६७ सालमा संस्था र कामना बचत तथा ऋण सहकारी संस्थाको व्यवस्थापनमा युवा सूचना केन्द्रको स्थापना भएपछि विस्तारै विस्तारै समुदायमा परिवर्तनको लहर फैलिदै गएको छ । युवा सूचना केन्द्रले ग्रामीण क्षेत्रका युवाहरूलाई सुरक्षित आप्रवासन सम्बन्धी तालिममा सदस्यहरू छनौट गर्नेक्रममा मलाई पनि सुरक्षित आप्रवासन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिममा सहभागी हुने अवसर पाएँ । सो तालिम लिए पछि अरू गाउँमा पनि सुरक्षित आप्रवासन सम्बन्धी तालिम दिनका लागि प्रशिक्षक भएर हिँड्ने अवसर पनि प्राप्त भयो । मैले शुरूमा रतनपुर गा.वि.स.को हात्तिसालमा २ दिने सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरें । तालिमको पहिलो दिन भएकोले ममा अनेकौं तरङ्गहरू उब्जिएका थिए । पछि पछि तालिम सञ्चालन गर्दै गएपछि सजिलोको महसुस हुन थाल्यो । त्यस गाउँका युवाहरू विदेश जाने बेलामा प्रक्रियाहरू नबुझिकन जाने गर्दा रहेछन् भन्ने कुरा तालिमबाट बुझ्ने मौका पाएँ । मैले तालिममा सिकेका र जानेबुझेसम्मको सम्पूर्ण प्रक्रियाहरू बताएँ । जसले गर्दा त्यहाँका युवाहरूलाई वैदेशिक रोजगार सम्बन्धी ध्यान दिनुपर्ने कुराहरू जान्ने अवसर प्राप्त भयो । मैले पनि उनीहरूबाट धेरै कुराहरू सिक्ने अवसर पाएँ । यसरी रतनपुर, कोटथर, डाँडाझेरी गा.वि.स.मा पनि सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरें । अहिले गाउँका युवाहरू विदेश पलायन भएपनि विदेश सम्बन्धी जानकारीहरू बुझेर वा परामर्श लिएर जाने गरेका छन् । यसलाई महत्वपूर्ण उपलब्धिको रूपमा लिनु पर्दछ ।

तालिम लिने सन्दर्भमा विदेशमा दु:ख गरी कमाएको पैसा लाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा लाई वित्तीय साक्षरता सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिममा पनि सहभागी हुने अवसर मिल्यो । यस तालिमले वैदेशिक कुरामा अझ सुनमा सुन थप्ने काम गर्‍यो, किनकि विदेश जाँदा कसरी सुरक्षित तवरले जान सकिन्छ अनि दु:ख गरी कमाएको पैसालाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने कुरा पनि आफैंमा महत्वपूर्ण कुरा हो । त्यसैले मलाई अझ बढी ज्ञान लिने सु-अवसर प्राप्त भयो ।

यो कार्यक्रम पनि डाँडाझेरी र कोटथर गा.वि.स.मा सञ्चालन गर्ने अवसर पाएँ । यो कार्यक्रम पनि गाउँको लागि अति नै फलदायी भएको महसुस गरेको छु । भन्दा जति सजिलो छ गर्न काम गर्न त्यति नै अप्ठ्यारो छ । तर असजिलो महशुस गरे पनि अन्तमा परिश्रमको फल मीठो हुन्छ भने झै जीवन सुगम मार्गतिर लम्कने भएपछि केही समय गाह्रो भए पनि त्यसलाई अवसरको रूपमा लिनु पर्दछ । यो तालिम पश्चात ग्रामीण क्षेत्रका केही व्यक्तिहरूले अवलम्वन गर्न लागेको स्थिति देखिँदै गएको छ ।



वास्तवमा गाउँमा वैदेशिक रोजगार सम्बन्धी जनचेतनाका लहरहरू फैलाउँदै जाँदा पहिलेको समुदाय र अहिलेको समुदायमा धेरै नै भिन्नता आएको छ । आगामी दिनहरूमा पनि यस्तै नयाँ नयाँ कार्यक्रमहरू ल्याएर गाउँको मुहार फेर्न सफल रहोस् भन्दै थप कार्यक्रमको अपेक्षा सहित सहमति, ग्रामीण युवा विकास कार्यक्रमलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । ❖❖❖

# विदेश जानु रहर नभई बाध्यता हो

**कुल बहादुर सुनारी**
रतनपुर-२,गडाम्दी, नवलपरासी

रोजगारीका लागि नेपालीहरू विदेशिने क्रम नयाँ र नौलो होइन । विभिन्न रूपबाट रोजगारीको लागि विदेशिनु परेको नेपालीहरूको यथार्थकै रूपमा रहेको छ । इतिहासलाई पल्टाएर हेर्ने हो भने पनि ब्रिटिस सेना, भारतीय सैनिक सेवा आदिमा समावेश भई नेपालीहरूले संसारलाई आफ्नो वीरता र दक्षताको कौशल देखाएकै हो । त्यस समयमा वर्ग विशेषका व्यक्तिहरू मात्र विदेशिने गर्दथे । अहिले आएर विदेश जाने प्रक्रियालाई नेपाली समाजमा प्रतिष्ठाको रूपमा लिने गरिएको छ । अर्को शब्दमा नेपालको अर्थतन्त्रमा वैदेशिक मुद्रा आर्जनको प्रमुख स्रोतको रूपमा वैदेशिक रोजगार नै रहेको छ । त्यसैले नेपाली युवाहरू दिनप्रतिदिन रोजगारीको क्रममा विदेशिने क्रम बढेको छ । कोही पढाइमा, कोही काममा, कोही बसाइँसराइमा गरेर लाखौं युवाहरू गाउँ, जिल्लाका विभिन्न ठाँउबाट विदेश गइरहेका छन् । युवाहरू विदेश जाने गाउँहरू मध्ये रतनपुर गा.वि.स. पनि एउटा हो । यहाँ पनि विगत वर्षदेखि विदेश जाने युवाहरूको संख्या बढ्दै गएको छ । यसरी विदेश जानेको संख्या बढ्नु आफैंमा रहर मात्र नभई बाध्यता पनि रहेको हुन्छ ।

हुनत यसरी विदेश जाने युवाहरूलाई सहमति, ग्रामीण युवा विकास कार्यक्रमले युवा सूचना केन्द्र मार्फत विभिन्न वैदेशिक रोजगार सम्बन्धी नीति नियमहरूमा जानकारी पनि गराउँदै आएको छ । त्यस्तै सीपमूलक कुराहरूमा पनि युवाहरूलाई सहभागिता गराउँदै आएको छ । वास्तवमा भन्ने हो भने सहमतिले गाउँको लागि गरेका क्रियाकलापहरू आफैंमा सराहनीय रहे पनि यस क्षेत्रका समुदाय तथा युवाहरूले यसको फाइदा उठाउन सकिरहेका छैनन् किनकि विस्तारै विस्तारै गाँउबाट युवाहरू विदेश पलायन भइरहदा ग्रामीण क्षेत्रको विकास खस्कदै गइरहेको छ । नीति निर्माणको तहमा युवाहरूको उपस्थिति ज्यादै न्यून रहेको छ । त्यस्तै उच्च पदमा रहेका राजनितिक पार्टीहरूको भागवण्डाका कारणले युवाहरूको पक्षमा काम गर्ने निकायको अभाव खड्कँदै गएको छ । यो अवस्था हुनु देशको लागि नै चिन्ता र सरोकारको विषय हो । त्यसैले सहमति लगायत अन्य सरोकारवाला निकायहरूले पनि बेलैमा नै ध्यान पुर्‍याइ ग्रामीण क्षेत्रका युवाहरूको श्रम पसीना स्वदेशमा नै बगाउने खालका नीतिनियम तथा पूर्वाधारहरू निर्माण गर्न सके देशले कोल्टो फेर्ने थियो की । ❖❖❖

# वैदेशिक रोजगार र विप्रेषण

श्रीमाया गुरुङ्ग
गैडाकोट-३,ढोंडेनी, नवलपरासी

नेपालको सन्दर्भमा हेर्ने हो भने अधिकाँश नेपाली युवाहरू रोजगारीको क्रममा विदेशतिर गइरहेका छन् । यसको मुख्य कारण नेपालमा रोजगारीको अवसरको कमी तथा राजनैतिक अस्थिरता हुनु हो । आफ्नो दैनिक आवश्यकता परिपुर्ति गर्ने, सुविधा सम्पन्न स्थानमा घर बनाउने लगायत अनेकौं अभिलाषाका साथ नेपालीयुवाहरू विदेशतिर गइरहेका छन् । तर सबैको वैदेशिक रोजगार सुरक्षित भएको छैन । त्यसकारण कामदार आफैंले सतर्कता अपनाउन जरूरी छ । यदि विदेश जाने क्रममा सतर्कता अपनाइएन भने ठगीमा पर्ने सम्भावना बढी हुन्छ । जस्तै पैसा लिएर विदेश नपठाउने, विदेशमा दुर्घटना भएमा क्षतिपूर्ति नपाइने, विमाको रकम नपाउने, बाटोमा नै विचलित हुनुपर्ने, थोरै तलब पाइने वा तोकिएको तलव नपाईने, जोखिमपूर्ण कामहरू जस्तै : घर बनाउने, भेंडा चराउने, कुँचो लगाउने, कुखुरा काट्ने, लाश गाड्ने जस्ता काममा पर्न सक्ने सम्भावना बढी हुन्छ । विदेश जाँदा युवा सूचना केन्द्रमा गएर आवश्यक परामर्श लिएर मात्र विदेश जानु पर्दछ । विदेश जानु भन्दा अगाडि पूरा गर्नु पर्ने कागज पत्रहरू मिलाएर र सबै कागजपत्रको एक प्रति फोटोकपी घरमा राखेर वा युवा सूचना केन्द्रमा दिएर मात्र प्रस्थान गर्नु पर्दछ । यसो गर्दा विदेशमा अप्ठ्यारो परेमा उद्धार गर्न सजिलो हुन्छ । विदेश जादाँ ऋण लिएर जान लागेको भने स्थानीय सहकारी संस्थाबाट ऋण लिनु राम्रो हुन्छ । किनकि यस्ता वित्तीय संस्थाहरूमा सस्तो ब्याजदरमा ऋण पाउन सकिन्छ । गाउँका साहु महाजनबाट ऋण लिंदा चर्को ब्याजदरमा पर्न सकिन्छ । त्यस्तै विदेशसँग सम्बन्धित सरोकारवाला संघ संस्थाहरूको सम्पर्क नम्बर, आफू जाने स्थानको नक्सा, एउटा नोटकपी र फो.नं.पनि साथैमा राख्नु पर्दछ । जाहजमा रहँदा एयर होस्टेजको निर्देशन पनि पालना गर्नु पर्दछ, अप्ठ्यारो परेमा एयर होस्टेजको सहायता लिनु पर्दछ ।

गन्तव्य स्थानमा पुगिसके पछि आफुलाई लिन को आउने हो, त्यसको सम्पर्क नं. लिएर पनि जानु पर्दछ । अनि घर परिवारलाई सम्बन्धित स्थानमा पुगिसकेपछि जानकारी गराउनु पर्दछ । आफू गन्तव्य मुलुकमा रहँदा आफ्नो दैनिकी सधैं नोट गर्नु पर्दछ । यसले आफूलाई सही बाटोतिर डोर्‍याउन मद्दत गर्दछ । बेलाबेलामा घरपरिवारमा सम्पर्क गर्दै जानु पर्दछ । विदेशमा रहँदा सम्बन्धीत देशको संस्कृतिलाई पनि सम्मान गर्दै जानु पर्दछ । विदेशमा दु:ख गरी कमाएको पैसालाई विश्वासिलो माध्यमबाट पठाउनु पर्दछ । यसोगर्दा पैसा हराउने डर हुँदैन । पैसा कमाएर मात्र हुदैन किनकि त्यस कमाइको सदुपयोग गर्न सकिएन भने कमाइको केही अर्थ हुँदैन । त्यसैले विदेशमा दु:ख गरी कमाएको पैसालाई उत्पादनशील कार्यमा लगाउनु पर्दछ । किनकि विदेशबाट फर्केर स्वदेश आएपछि आफूले गरेको पेशा अपनाउन त्यसले मद्दत गर्छ । विदेशको जस्तै आम्दानी स्वदेशमा आए पछि नहुन सक्छ । त्यसैले आफ्नो कमाई र आफुले त्यहाँ सिकेको सीपलाई व्यवहारमा उतार्न सकियो भने आफ्नो दिनचर्या सहजै अगाडि बढाउन सकिन्छ ।

हुनत, सहमति, ग्रामीण युवा विकास कार्यक्रमले पनि युवा सूचना केन्द्रको माध्यमबाट ग्रामीण क्षेत्रका युवाहरूलाई दिनानुदिन बढ्दै गएको वैदेशिक रोजगारको सन्दर्भलाई मध्यनजर गरी सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखीकरण, वैदेशिक रोजगार सम्बन्धी विभिन्न जानकारीमूलक प्रक्रियाहरू प्रचार प्रसार गर्दै आएको छ । यसबाट धेरै युवाहरू सु-सूचित हुने मौका पाएका छन् ।



यसर्थ युवा भनेको देश विकासको मेरुदण्ड भएकाले यिनीहरूलाई आगामी दिनमा पनि विभिन्न आयमूलक, सीपमूलक जस्ता कुराहरूमा सहभागी गराउने अपेक्षाकासाथ सहमति, ग्रामीण युवा विकास कार्यक्रमको उत्तरोत्तर प्रगतिको लागि युवा सूचना केन्द्रका सम्पूर्ण कार्य समिति सदस्यहरू र मेरो तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

❖❖❖

# तालिमबाट मिलेको सफलता

बोम बहादुर सारू
डाँडाझेरी-२, सानोटाँडी, नवलपरासी



लुम्बिनी अञ्चल नवलपरासी जिल्ला डाँडाझेरी वार्ड नं. २ सानोटाँडी निवासी पिता श्री प्रेम सिं सारु र माता श्रीमती रुमा सारुको कोखबाट वि.सं.२०५०।०७।२७ गतेका दिन जन्म भएको हो । मेरो घर परिवारले परापूर्वकालदेखि नै कृषि पेशालाई अँगाल्दै आइरहेको थियो । म पनि त्यसै पेशामा रहेर मेरो बाल्यकाल पूरा गरेँ । वि.सं. २०६७ सालमा एस.एल.सी. पास भएपछि हाउस वाइरिङ्ग सम्बन्धी सीपमूलक तालिम सिक्ने रहर भयो । तालिम लिने सन्दर्भमा युवा सूचना केन्द्र, जनसेवा सामाजिक विकास केन्द्र, नेपाल तथा सहमति संस्थाका सरहरूबाट ग्रामीण युवा विकास कार्यक्रमले पनि सीपमूलक तालिमहरू सञ्चालन गर्दै आइरहेको छ भन्नेकुरा थाहा पाएँ ।

मैले पनि सो तालिम सिक्नको लागि अभिरुची देखाएँ । त्यसपछि सो तालिम लिनका लागि संस्थाबाट अवसर मिल्यो । मैले तिन महिनासम्म निरन्तर तालिम सिक्दै गएँ । तालिम लिइसकेपछि आफ्नो अनुभवलाई बढाउन ज्यालादारीमा काम गरेँ । केही महिनासम्म काम गरेपछि ज्यालादारीमा काम गरेर दिन बिताउनुभन्दा आफ्नै व्यवसाय सञ्चालन गरेर बस्न मन लाग्यो । अनि मैले गैंडाकोट नगरपालिकाको कालीगण्डकी चोकमा पसल खोले । अनि त्यहीँ इलेक्ट्रीक व्यवसायको पसल सञ्चालन गरेँ । उक्त कार्यक्रमबाट व्यवसाय प्रवर्द्धनका लागि एक थान ड्रील मेशिन र एक थान कटर मेशीन पनि सहयोग प्राप्त भयो । अहिले उक्त व्यवसायबाट खर्च कटाएर कूल वार्षिक आम्दानी रु. १,८०,०००।- कमाउन सफल भएको छु । जसले गर्दा म र मेरो घरपरिवारको खर्च जुटाउन तथा स्व-रोजगारको लागि धेरै नै मद्यत पुगेको छ ।

मेरो जीवनलाई अगाडि बढाउन गरेको सहयोगप्रति आभार प्रकट गर्दै आगामी दिनमा पनि मलाई जस्तै गाउँमा रहेका अन्य युवाहरूलाई उद्यमी बन्न हौसला प्रदान गर्नुहुनेछ र ग्रामीण युवा विकास कार्यक्रम अझै ग्रामीण क्षेत्रका युवाहरू माझ लोकप्रिय बन्न सफल रहोस् यहीँ नै मेरो शुभकामना छ । ❖❖❖

# गजल

बद्रिप्रसाद रिमाल
गैंडाकोट-३,ढौंडेनी, नवलपरासी



जान्छु भनें विदेश नजाऊ भन्दा मानिनँ
गाउँघरमा सानो पेशाधन्दा जानिन

अलपत्र व्यवहार पारेँ खेतवारी बाँझै रह्यो
काम सोध्दा भन्न गाह्रो गाउँमा लाजले रुन्दा तानिनँ
नौ छटा पार्नु पर्ने नक्कल यति आउँदैनथ्यो
सुती उठ्दा विछ्यौनाको तन्ना तानिनँ
जान्छु भनें विदेश नजाऊ.................

धनैधनले काम बन्यो दलालीको हातबाट
यस्तो जाली फटाहाको फन्दा जानिनँ
पैसा कुल्ची पैसा खोज्ने खराब संस्कार बानी पर्‍यो
रुपैयाँमा दुनियाँको गन्ध जानिनँ
जान्छु भनें विदेश नजाउ....................

बाउ आमा ठगी खाने बानी मलाई परेकोथ्यो
काम गरे पैसा आउँछ सबले भन्दा जानिनँ
गोबर फाल्दा हात गन्हाउँथ्यो फतफताउथेँ आफैंसँग
फलफूलखेती करेशावारी तरकारीमा बन्दा जानीन

जान्छु भनें विदेश नजाऊ भन्दा मानिनँ
गाउँघरमा सानो पेशा धन्दा जानिनँ

❖❖❖

# रेमिट्यान्सको सदुपयोग गरौं

कुमारी श्रेष्ठ
कोटथर-५, थामवेंसी, नवलपरासी



सुन युवा साथी हो, एउटा कुरा सुन
कस्लाई रहर हुन्छ होला, परदेशी हुन
गरिबीले गर्दाखेरि विदेश जानुपर्ने
कोही सकुशल फर्कन्छन् त कोही उतै मर्ने

विदेश जानुअघि गरौँ धेरै सोंच विचार
दलालले ठगिदिन्छन् स्वार्थी छ सारा संसार
बङ्गुरपालन, बाख्रापालन गरौँ अव गाउँमा
रेमिट्यान्सको प्रयोग गरौं आयआर्जन हुने ठाउँमा

विदेश गई युवाहरू ठेला उठाई गिटी फोर्ने
स्वदेशमा परिवार रेमिट्यान्सकै भर पर्ने
थोपा थोपा जम्मा गरी एक घैंटो भरौँ युवा
आर्थिकरूपमा साक्षर बनी आय आर्जन गरौं युवा

# गैसस खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने अभियानमा

बालकृष्ण सुवेदी
सचिव एवं अध्यक्ष कोटथर, नवलपरासी



नेपाल पाँच विकास क्षेत्र अन्तरगत पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चल र नवलपरासी जिल्लाको उत्तरपूर्वमा पर्ने विकट पहाडी गा.वि.स. कोटथर एक अति नै विकट र विकास निर्माणको दृष्टिले पछाडि परेको गा.वि.स.हो । महेन्द्र राजमार्गबाट ३५ कि.मि.उत्तरमा भएतापनि यस गा.वि.स.मा हालसम्म पनि बाह्रै महिना यातायात सञ्चालन हुन नसकेको तथा शैक्षिक दृष्टिकोणले समेत पछाडि परेको गा.वि.स. हो । यसरी विविध भौगोलिक विकटता र विकासको फल चखाउने अभिप्रायले विगत वर्षदेखि यस गा.वि.स.लाई निरन्तर पहल चालिएकोमा नेपाल सरकारको अवधारणा अनुसार नवलपरासी जिल्लालाई नै खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने अभियान अन्तरगत यही मिति २०७१।०३।२१ गते कोटथर गा.वि.स.लाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गरिएको छ । अहिले प्रत्येक घरधुरीमा पक्की शौचालयको पहुँच पुगिसकेको अवस्था रहेको छ ।

यस कोटथर गा.वि.स.लाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने जस्तो महान् कार्यमा सहयोग गर्ने विभिन्न संघसंस्थाले आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण योगदान पुऱ्याएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । जस अन्तर्गत कोटथर-१, साठिमुरेमा रहेको श्री जीवनज्योति सामुदायिक विकास मञ्चले २०७० मा स्थापना भई यस गा.वि.स.लाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने अभियानमा देखाएको योगदानलाई निकै नै सराहनीय ठानेको छु । यस श्री जीवनज्योति सामुदायिक विकास मञ्चले गा.वि.स.संग समन्वय गरी कोटथर गा.वि.स.मा रहेका विभिन्न वार्डहरूमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी सरसफाइ र शौचालयको महत्वबारे सर्वसाधारणमा प्रष्ट पारी साठिमुरे, अर्खला, हात्तीगौंडा, र काफलडाँडा जस्ता विकट वार्डहरूमा शौचालय निर्माण कार्यलाई प्रभावकारी बनाएको कार्यलाई उच्च मूल्याङ्कन गर्न चाहन्छु ।

अन्त्मा यस कोटथर गा.वि.स.वासीहरूलाई वडा नागरिक मञ्च, राजनैतिक दल, नागरिक समाज, शिक्षक, विद्यार्थी, समाजसेवी, बुद्धिजिवी लगायत यस कोटथर गा.वि.स.मा कार्यरत विभिन्न संस्थाहरू सहमति गैंडाकोट, सु-आहारा(वेश नेपाल),जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय नवलपरासी, जिल्ला विकास समिति नवलपरासी लगायतका संस्थाहरूलाई यस कोटथर गा.वि.स. परिवार र मेरो व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । ❖❖❖

प्रेषक
सहमति
ग्रामीण युवा विकास कार्यक्रम
गैंडाकोट,-५ नवलपरासी
फोन नं. : ०५६-५०२०९०
E-mail: sahamati@wlink.com.np
rdp@sahamati.org
Website : www.sahamati.org

प्रापक



टिकट